# संघीय संसद
# प्रतिनिधि सभा
छैठौं अधिवेशन
बैठक संख्या - ६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ २ गते शुक्रबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा साँझ ७:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधनको प्रति टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ३७ को उपनियम (३) बमोजिम सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधन प्रति निम्नलिखित धन्यवादको प्रस्ताव पेश गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

## धन्यवादको प्रस्ताव

"सम्माननीय राष्ट्रपतिद्वारा संघीय संसदको छैठौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०७७ साल जेठ २ गते शुक्रबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।"

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि समेत २०७७ साल जेठ ४, ५ र ६ गतेका दिनहरु तोकेको र उक्त दिनहरुमा आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न दलीय प्रतिनिधित्वको आधारमा भाग लिन दलीय पदाधिकारीहरुले आ-आफना दलका वक्ता प्रतिनिधि मा० सदस्यहरुको नाम बैठक प्रारम्भ हुनु एक घण्टा अगावै कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुहुँदै आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि संशोधन पेश गर्न चाहनु हुने दलीय प्रतिनिधि मा० सदस्यहरुले सोको सूचना २०७७ साल जेठ ३ गते बिहान ११:०० बजेदेखि दिनको २:०० बजेभित्र कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, सिंहदरबारमा दिन सक्नुहुनेछ साथै संशोधनको सूचना फाराम पनि सोही शाखाबाट उपलब्ध हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७७ साल जेठ ४ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी साँझ ७:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव